बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## आ.व. २०८०/०८१ को चैत्र मसान्तसम्मको प्रगति विवरण

१. संक्षिप्त परिचय

१.१ पृष्ठभुमिः

नेपालको संविधानले तीनै तहका सरकारबीचको अन्तरसम्वन्ध सहकारीता, सहअस्थित्व र समन्वयको सिद्धान्तमा आधारित हुने गरी संघ, प्रदेश र स्थानीय तहका सरकारको व्यवस्था गरेको छ । संविधानले सबै किसिमका विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातीक समावेशी र समृद्धिको आकाङक्षा राखेको छ । देशले लिएको आर्थिक समृद्धि, सामाजिक न्यायको राष्ट्रिय आकांक्षालाई आत्मसाथ गर्दै बागमती प्रदेश सरकारको **"सुसंस्कृत र सुखी जनता; समाजवाद उन्मुख समृद्ध प्रदेश"** दीर्घकालिन सोच पूरा गर्नेतर्फ प्रतिवद्ध रही विकासको मुख्य ईन्जिनको रुपमा रहेको कृषि क्षेत्रको व्यवसायीकरण, जैविक कृषिको प्रवर्द्धन र कृषिलाई उद्यमका रुपमा विकास र विस्तार गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय प्रतिवद्ध रहेको छ ।

आर्थिक गतिविधिका हिसावले करीव ५० प्रतिशत जनसंख्याको मुख्य पेशाको रुपमा रहेको नेपालको कृषि क्षेत्रले कुल गार्हस्थ उत्पादनमा करिव २४.१ प्रतिशत योगदान गरेतापनि (*श्रोतः आर्थिक सर्वेक्षण २०७९/८०*) यस क्षेत्रको उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता न्यून रहेको छ । खेती प्रणालीमा बढी अन्नबाली लगाएता पनि खाद्य व्यापार घाटा बढदो रहेको छ । बढ्दो माग सँगसँगै दूध, अण्डा, तरकारी, माछापालनको उत्पादनमा सकारात्मक संकेत देखिए पनि देशको ठुलो जनसंख्याको आवश्यकता पुरा गर्न, गरिबी घटाउन, खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्न भने पर्याप्त रहेको छैन । बागमती प्रदेश मा कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको विकास र समृद्धिको लागि यस मन्त्रालयलाई कार्य जिम्मेवारी तोकिएको छ ।

पशुपालन क्षेत्रले देशको कुल गार्हस्थ्य उत्पादनमा करिब १२.३१ प्रतिशत र कुल कृषि गार्हस्थ्य उत्पादनमा ३०.९८ प्रतिशत योगदान गर्दै आएको सन्दर्भमा पशुपन्छी क्षेत्रको विशेष आर्थिक महत्त्व छ । उत्पादनका साधनको रूपमा रहेको प्रचुर जमिन र दुई तिहाइ उत्पादक शक्तिको रूपमा रहेको किसानलाई जोडेर उत्पादन वृद्धि गरी राष्ट्रिय पुँजीको सृजना गर्न सकिन्छ । यसका लागि कृषिको व्यवसायीकरण, आधुनिकीकरण तथा औद्योगिकीकरण गर्दै कृषिजन्य वस्तुमा आत्मनिर्भर बनाउँदै आयात प्रतिस्थापन र निर्यात गरी समाजको अग्रगामी रूपान्तरणको दिशामा अघि बढ्न आजको टड्कारो आवश्यकता बनेको छ .

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

नेपाल विश्व व्यापार सङ्गठन तथा विश्व पशु स्वास्थ्य सङ्गठनको सदस्य राष्ट्र भएपश्चात् त्यस्तो राष्ट्रका हैसियतले कृषि तथा पशु विकास क्षेत्रमा पूरा गर्नुपर्ने दायित्व निर्वाह गर्न विकासका विभिन्न साझेदारहरूसँग समन्वय गर्दै कृषि तथा पशुपक्षी विकासका कार्यहरू गर्नुपर्ने देखिन्छ । त्यस्तै दिगो विकासको भोक अन्त्य, खाद्य र पोषण सुरक्षा जस्ता लक्ष्य प्राप्त गर्न कृषि तथा पशुपन्छी विकास कार्यक्रमको ठुलो भूमिका रहन्छ । कृषि तथा पशुपक्षी विकासको क्षेत्रमा सार्वजनिक निजी साथै सहकारी क्षेत्रको लगानी समुचित रूपमा वृद्धि गरी देशलाई कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन सकिने आवश्यकता र सम्भावना छ।

बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०५/१० को निर्णयानुसार बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० को नियम ३ बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयको स्थापना भएको छ ।

### १.२ दीर्घकालीन सोचः

कृषि क्षेत्रको दिगो विकास, खाद्य सम्प्रभूता, आत्मनिर्भर र समृद्ध प्रदेश ।

### १.३ उद्देश्यः

क. कृषिमा आधुनिकिकरण र व्यवसायीकरण गरी खाद्य र पोषण सुरक्षा गर्दै उद्योग प्रवर्द्धन गरी निर्यात गर्ने अवस्था सिर्जना गर्ने ।

ख. एकिकृत कृषि र पशु सेवाका क्षेत्रमा सेवा प्रवाह सुनिश्चित गरी वृहत्तर उत्पादन क्षेत्र बनाउने।

ग. एकल महिला, जनजाति, आदिबासी, दलित लगायत पिछडिएको समुदायमा लक्षित कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।

घ. चक्लाबन्दी गरी कृषिको समग्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

ङ. “One Health Approach” मा आधारित वातावरण विकास तथा पशुपन्छी रोग न्यूनीकरण गर्ने ।

च. स्थानीय र रैथाने जातका कृषि तथा पशुपन्छीहरुको संरक्षण र प्रवर्द्धन गरी जैविक विविधताको संरक्षण एवं उपयोग गर्ने ।

### १.४ लक्ष्यः

दिगो कृषिको माध्यमबाट प्रदेशलाई खाद्यान्नमा आत्मनिर्भर बनाई उच्च र फराकिलो आर्थिक वृद्धिदर हाँसिल गर्ने ।

### १.५ कार्यक्षेत्रः

बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० को नियम ५ को उपनियम १ अनुरुपको कार्य क्षेत्रहरु;-

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

क. कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन;

ख. कृषि तथा पशुपन्छीजन्य रोग, किरा एवं महामारी नियन्त्रण;

ग. कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रबर्द्धन;

घ. कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार;

ङ. कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन;

च. कृषिउपज, कृषिजन्य बस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिऊ बिजन एवम् नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन;

छ. प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभूता र खाद्य गुणस्तर;

ज. कृषि तथा पशुपन्छी एवं खाद्य प्रविधि सम्वन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण;

झ. कृषि मल, बिउ र बिषादी आपूर्ति व्यवस्था र नियमन;

ञ. कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण;

ट. कृषिउपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन;

ठ. कृषि तथा पशुपन्छी बीमा सम्वन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन;

ड. कृषि बजार, पूर्वाधार र कृषिफार्म केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन

ढ. राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन;

ण. सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्द्धन;

त. चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन;

थ. कृषिजन्य र पशुपन्छीजन्य औषधि, बिषादि र सूक्ष्म पोषणतत्वयुक्त बस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन ।

बागमती प्रदेश सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
### हेटौंडा

२.१ चालु खर्च शीर्षकको प्रगति विवरण

रकम रु. हजारमा

| क.स. | ब.उ.शी.न. | सब.ब.उ.शी.न./कार्यालयको नाम | कुल बजेट | आ.व. २०८०/८१ | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | खर्च | खर्च प्रतिशत | |
| १ | ३१२०००११ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | १८४४६७ | ४३७४२.९९ | २३.७१ | |
| २ | ३१२०००१२ | प्रदेश दुग्ध विकास बोर्ड | ९१६८४ | १०८३९.०० | ११.८२ | |
| ३ | ३१२०१०११ | कृषि विकास निर्देशनालय | ४४७५१४ | १३६५३.४० | ३.०५ | |
| ४ | ३१२०२०११ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | २३५८३६.३०७५ | १३०८६.२७ | ५.५५ | |
| ५ | ३१२०१०१२ | कृषि तालिम केन्द्र, भण्डारा | २७२४९ | १५८१४.०० | ५८.०३ | |
| ६ | ३१२०१०२३३ | कृषि ज्ञान केन्द्र,नुवाकोट | १०९६५० | ८७६३.१० | ७.९९ | |
| ७ | ३१२०१०२३३ | कृषि ज्ञान केन्द्र,धादिङ्ग | ८५०९१ | ७९१०.०० | ९.३० | |
| ८ | ३१२०१०२३३ | कृषि ज्ञान केन्द्र,ललितपुर | ८८०१७ | १३०३९.३० | १४.८१ | |
| ९ | ३१२०१०२३३ | कृषि ज्ञान केन्द्र,काभ्रे | ११२४१४ | ११२८९.४० | १०.०४ | |
| १० | ३१२०१०२३३ | कृषि ज्ञान केन्द्र,रामेछाप | ९४५४४ | १०१२२.३९ | १०.७१ | |
| ११ | ३१२०१०२३३ | कृषि ज्ञान केन्द्र,सिन्धुली | ६९५३६ | ८२३८.४६ | ११.८५ | |
| १२ | ३१२०१०२३३ | कृषि ज्ञान केन्द्र,चितवन | १४०२२४ | १६२९०.५६ | ११.६२ | |
| १३ | ३१२०१०२४३ | व्यवसायिक ग्रेनेज केन्द्र,भक्तपुर | १५०७३ | ८३१८.०० | ५५.१८ | |
| १४ | ३१२०११०१३ | मौरी पालन विकास कार्यक्रम,चितवन | २०५४८ | ११६०.०० | ५४.३१ | |
| १५ | ३१२०१०१३३ | कन्दमुल तरकारी विकास केन्द्र,सिन्धुली | १६८६६ | ९०९६.३८ | ५३.९३ | |
| १६ | ३१२०१०१४३ | मसलाबाली विकास केन्द्र,काभ्रेपलान्चोक | १९५०८ | ११७५९.०० | ६०.२८ | |
| १७ | ३१२०१०२५३ | प्रजन्नन पिढी विजकोया श्रोत केन्द्र,धादिङ्ग | १७०९२ | १०७७६.०५ | ६३.०५ | |
| १८ | ३१२०१०१७३ | किम्वु नर्सरी विकास केन्द्र,चितवन | १७२५० | ९४५५.५० | ५४.८१ | |
| १९ | ३१२०१०१५३ | पुष्प विकास केन्द्र,ललितपुर | २८३४६.९७ | १९१७१.१२ | ६७.६३ | |
| २० | ३१२०१०१८३ | उपोष्ण प्रदेशिय वागबानी विकास केन्द्र,नुवाकोट | २४५०० | ७८६४.८३ | ३२.१० | |
| २१ | ३१२०१०१९३ | शितोष्ण फलफुल रुटस्टक विकास केन्द्र, दोलखा | १८९९० | ९५९३.९९ | ५०.५२ | |
| २२ | ३१२०१०१६३ | शितोष्ण बागबानी नर्सरी केन्द्र,मकवानपुर | २०५८९ | ११०८७.८१ | ५३.८५ | |
| २३ | ३१२०१०२०३ | माटो तथा मल परीक्षण प्रयोगशाला मकवानपुर | १७७०४ | ८५२३.८० | ४८.१५ | |
| २४ | ३१२०१०२१३ | वीउ विजन प्रयोगशाला मकवानपुर | ४९३९८ | १३०३२.०० | २६.३८ | |
| २५ | ३१२०१०२२३ | बाली संरक्षण प्रयोगशाला,ललितपुर | १५७२९ | ९८३६.०० | ६२.५३ | |
| २६ | ३१२०२०१५३ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,नुवाकोट | ५०५१३ | ११४६५.७२ | २२.७० | |

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

२.१ चालु खर्च शीर्षकको प्रगति विवरण

रकम रु. हजारमा

| क.स. | ब.उ.शी.न. | सब.ब.उ.शी.न./कार्यालयको नाम | कुल बजेट | आ.व. २०८०/८१ | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | खर्च | खर्च प्रतिशत | |
| २७ | ३१२०२०१५३ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,घादिङ्ग | ४४२६६ | ९९६१.६४ | २२.५० | |
| २८ | ३१२०२०१५३ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,ललितपुर | ६१५३१ | १६६०८.०० | २६.९९ | |
| २९ | ३१२०२०१५३ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,काभ्रेपलान्चोक | ६३९९६ | १२०१६.०० | १८.७८ | |
| ३० | ३१२०२०१५३ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,दोलखा | ४७९८१ | १०७५५.०० | २२.४२ | |
| ३१ | ३१२०२०१५३ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,सिन्धुली | ६११६७ | ९९१२.०० | १६.२० | |
| ३२ | ३१२०२०१५३ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,मकवानपुर | ६०९१५ | ११९८४.०० | १९.६७ | |
| ३३ | ३१२०२०१५३ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,चितवन | ६५३६९ | ९८०३.०० | १५.०० | |
| ३४ | ३१२०२०१२३ | पशु सेवा तालिम केन्द्र,ललितपुर | २७७६८ | १९९०२.०० | ७१.६७ | |
| ३५ | ३१२०२०१३३ | बाखा विकास फार्म चित्लाङ्ग | २८३३५ | १८०६६.०० | ६३.७६ | |
| ३६ | ३१२०२०१४३ | मत्स्य विकास केन्द्र, कुलेखानी | १५४१२ | ६९८७.०० | ४५.३३ | |
| ३७ | ३१२०२०१४३ | मत्स्य विकास केन्द्र, भन्डारा | २४३७१ | १४५६७.६३ | ५९.७७ | |
| | | जम्मा | २५१९४४४.७१ | ४६४४९१.३५ | १८.४४ | |

बागमती प्रदेश सरकार
हेटौंडा, नेपाल
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

२.२ पुंजिगत खर्च शीर्षकको प्रगति विवरण

रकम रु. हजारमा

| सि.न. | ब.उ.शी.न. | कार्यालयको नाम | आ.व. २०८०।८१ को | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | कुल बजेट | खर्च | खर्च प्रतिशत | |
| १ | ३१२०००११ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ३९०६४६.० | ९८०६०.६ | २५.१० | |
| २ | ३१२०००१२ | प्रदेश दुग्ध विकास बोर्ड | ७०१००.० | २९८३७.० | ४२.५६ | |
| ३ | ३१२०१०११ | कृषि विकास निर्देशनालय | ८१६००.० | २८२०२.२ | ३४.५६ | |
| ४ | ३१२०२०११ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | ९७००.० | १७८.८ | १.८४ | |
| ५ | ३१२०१०१२ | कृषि तालिम केन्द्र, भण्डारा | ३२८०.० | २२६०.० | ६८.९० | |
| ६ | ३१२०१०२३३ | कृषि ज्ञान केन्द्र,नुवाकोट | ९००.० | ७८.७ | ८.७४ | |
| ७ | ३१२०१०२३३ | कृषि ज्ञान केन्द्र,धादिङ्ग | ३६२.० | २४१.७ | ६६.७७ | |
| ८ | ३१२०१०२३३ | कृषि ज्ञान केन्द्र,ललितपुर | २६००.० | १८८०.७ | ७२.३३ | |
| ९ | ३१२०१०२३३ | कृषि ज्ञान केन्द्र,काभ्रे | ३००.० | २९७.९ | ९९.३० | |
| १० | ३१२०१०२३३ | कृषि ज्ञान केन्द्र,रामेछाप | ५५०.० | २९९.९ | ५४.५३ | |
| ११ | ३१२०१०२३३ | कृषि ज्ञान केन्द्र,सिन्धुली | ८५०.० | ५२१.५ | ६१.३६ | |
| १२ | ३१२०१०२३३ | कृषि ज्ञान केन्द्र,चितवन | १२३०.० | २३०.० | १८.७० | |
| १३ | ३१२०१०२४३ | व्यवसायिक ग्रेनेज केन्द्र,भक्तपुर | २६३०.० | ७९.० | ३.०० | |
| १४ | ३१२०११०१३ | मौरी पालन विकास कार्यक्रम,चितवन | ११२०.० | ११०८.० | ९८.९३ | |
| १५ | ३१२०१०१३३ | कन्दमुल तरकारी विकास केन्द्र,सिन्धुली | १४७०.० | १२६४.४ | ८६.०१ | |
| १६ | ३१२०१०१४३ | मसलाबाली विकास केन्द्र,काभ्रेपलान्चोक | १७१०.० | १४५१.० | ८४.८५ | |
| १७ | ३१२०१०२५३ | प्रजन्नन पिढी विजकोया श्रोत केन्द्र,धादिङ्ग | १७५०.० | १७५०.० | १००.०० | |
| १८ | ३१२०१०१७३ | किम्वु नर्सरी विकास केन्द्र,चितवन | १५००.० | १३७६.० | ९१.७३ | |
| १९ | ३१२०१०१५३ | पुष्प विकास केन्द्र,ललितपुर | १५८००.० | ८१५४.९ | ५१.६१ | |
| २० | ३१२०१०१८३ | उपोष्ण प्रदेशिय वागबानी विकास केन्द्र,नुवाकोट | २४५०.० | ४८२.१ | १९.६८ | |
| २१ | ३१२०१०१९३ | शितोष्ण फलफुल रुटस्टक विकास केन्द्र, दोलखा | १५००.० | ०.० | ०.०० | |

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

२.२ पुंजिगत खर्च शीर्षकको प्रगति विवरण

रकम रु. हजारमा

| सि.न. | ब.उ.शी.न. | कार्यालयको नाम | आ.व. २०८०।८१ को | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | कुल बजेट | खर्च | खर्च प्रतिशत | |
| २२ | ३१२०१०१६३ | शितोष्ण बागबानी नर्सरी केन्द्र,मकवानपुर | १५००.० | १४१७.७ | ९४.५१ | |
| २३ | ३१२०१०२०३ | माटो तथा मल परीक्षण प्रयोगशाला मकवानपुर | ३०००.० | १७९०.९ | ५९.७० | |
| २४ | ३१२०१०२१३ | वीउ विजन प्रयोगशाला मकवानपुर | ३५००.० | ९०.० | २.५७ | |
| २५ | ३१२०१०२२३ | बाली संरक्षण प्रयोगशाला,ललितपुर | २००.० | १००.० | ५०.०० | |
| २६ | ३१२०२०१५३ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,नुवाकोट | २२००.० | १८०४.० | ८२.०० | |
| २७ | ३१२०२०१५३ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,घादिङ्ग | १३५०.० | १०९२.६ | ८०.९४ | |
| २८ | ३१२०२०१५३ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,ललितपुर | ७३०.० | ६२३.० | ८५.३४ | |
| २९ | ३१२०२०१५३ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,काभ्रेपलान्चोक | १७५.० | १७५.० | १००.०० | |
| ३० | ३१२०२०१५३ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,दोलखा | २१४०.० | १९६५.० | ९१.८२ | |
| ३१ | ३१२०२०१५३ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,सिन्धुली | १५५०.० | १४९२.० | ९६.२६ | |
| ३२ | ३१२०२०१५३ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,मकवानपुर | ३००.० | | ०.०० | |
| ३३ | ३१२०२०१५३ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,चितवन | १५९०.० | १५२१.० | ९५.६६ | |
| ३४ | ३१२०२०१२३ | पशु सेवा तालिम केन्द्र,ललितपुर | १९३५.० | ०.० | ०.०० | |
| ३५ | ३१२०२०१३३ | बाखा विकास फार्म चित्लाङ्ग | ७५००.० | ३४९९.० | ४६.६५ | |
| ३६ | ३१२०२०१४३ | मत्स्य विकास केन्द्र, कुलेखानी | १६००.० | ११७०.० | ७३.१३ | |
| ३७ | ३१२०२०१४३ | मत्स्य विकास केन्द्र, भन्डारा | ७५००.० | ४५४४.५ | ६०.५९ | |
| | | जम्मा | ६२८८१८ | १९९०३९ | ३१.६५ | |

३. आ.व. २०८०।८१ मा सञ्चालनमा रहेका बहुवर्षिय आयोजनाको प्रगति विवरण

रकम रु हजारमा

| क्र.सं. | कार्यालयको नाम | आयोजनाको नाम | कुल अवधि(वर्ष) | कुल लागत | आ.व. २०८०।८१ सम्मको खर्च | आ.व. २०८०।८१ को | | आ.व. २०८०।८१ को प्रगती (%) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | खर्च | भौतिक | वित्तीय | |
| १ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडा | कृषि तथा बन विश्वविद्यालयमा बि.एस्.एल्. ल्याव स्थापना | ३ | १४५००० | १२६०१० | ३५००० | ३५००० | ९८ | १००.०० | |
| २ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडा | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चितवनको परिसरमा आधुनिक भेटेरिनरी अस्पताल निर्माण | २ | १४२२५८ | ३३८१८ | ५०००० | ३३३०२.३ | ६० | ६६.६० | |
| ३ | प्रदेश दुग्ध विकास बोर्ड, हेटौंडा | मकवानपुर जिल्लामा दुध पाउडर प्लान्ट निर्माण | ३ | ४५५४९४ | ३८९५८७ | ६०००० | २९८३६ | ९५ | ४९.७३ | |
| ४ | कृषि विकास निर्देशनालय, हेटौंडा | हेटौंडा उपमहानगरपालिका सँगको सहकार्यमा प्रादेशिक कृषि थोक बजार निर्माण | ३ | २८३६५६ | १७६२९७ | ८०००० | १७५४८.७ | ८५ | २१.९४ | |
| ५ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडा | फलफूल तथा तरकारी भण्डारणका लागि साझेदारीमा शीत भण्डार निर्माण | ५ | ११७३००० | ६४००८७ | ५०००० | २६२ | ८६ | ०.५२ | बहुवर्षिय स्वीकृत नभएको, कार्यक्रम निरन्तरतावाट कार्यान्वयन भएको |

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

हेटौंडा

४. अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत संघ सरकारबाट प्राप्त योजनाहरुको प्रगति

रकम रु. हजारमा

| क्र.स. | ब.उ.शी.नं. | कार्यालयको नाम | बजेट | आ.व. २०८०।८१ को खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३१२९११२१३ प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजना | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ७०० | ०.० | ०.०० |
| | | कृषि ज्ञान केन्द्र,नुवाकोट | १९०० | ०.० | ०.०० |
| | | कृषि ज्ञान केन्द्र,धादिङ्ग | १९०० | ०.० | ०.०० |
| | | कृषि ज्ञान केन्द्र,ललितपुर | ५७०० | ८०.० | १.४० |
| | | कृषि ज्ञान केन्द्र,काभ्रे | १९०० | ०.० | ०.०० |
| | | कृषि ज्ञान केन्द्र,रामेछाप | ३८०० | १९२२.३ | ५०.५९ |
| | | कृषि ज्ञान केन्द्र,सिन्धुली | १९०० | ६.० | ०.३२ |
| | | कृषि ज्ञान केन्द्र,चितवन | १९०० | ५०.० | २.६३ |
| | | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, काभ्रेपलाञ्चोक | ३००० | ०.० | ०.०० |
| | | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, नुवाकोट | ३५०० | ०.० | ०.०० |
| | | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चितवन | ७००० | ०.० | ०.०० |
| | | जम्मा | ३३२०० | २०५८.३ | ६.२० |
| २ | ३१२९११२२३ कृषि विभाग | कृषि विकास निर्देशनालय | १९९९० | ०.० | ० |
| | | मौरीपालन विकास कार्यक्रम, भण्डारा | ४००० | ०.० | ० |
| | | बीउ बिजन प्रयोगशाला, हेटौंडा | ९६०० | १८८८.० | १९.६७ |
| | | माटो तथा मल परीक्षण प्रयोगशाला, हेटौंडा | २११० | ३०३.० | १४.३६ |
| | | जम्मा | ३५७०० | २१९१.० | ६.१४ |
| | | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिन्धुली | ५०० | ०.० | ०.०० |
| | | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दोलखा | ५०० | ०.० | ०.०० |
| | | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, काभ्रेपलाञ्चोक | ९२५ | २७७.९ | ३०.०४ |
| | | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ललितपुर | ५०० | ०.० | ०.०० |

रकम रु. हजारमा

| क्र.स. | ब.उ.शी.नं. | कार्यालयको नाम | बजेट | आ.व. २०८०।८१ को खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ३ | ३१२९११२३३ पशु सेवा विभाग | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, नुवाकोट | ५०० | १५९.५ | ३१.९० |
| | | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धादिङ्ग | ५०० | | ०.०० |
| | | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चितवन | ८०० | ३७८.६ | ४७.३२ |
| | | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुर | ७७५ | ११०.५ | १४.२६ |
| | | जम्मा | ५००० | ९२६.५ | १८.५३ |
| ४ | ३१२९११२४३ पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना | कृषि विकास निर्देशनालय | २१७९० | ४७६.० | २.१८ |
| ५ | ३१२९११२४४ पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना | कृषि विकास निर्देशनालय | ७९९१० | ०.० | ०.०० |
| | | जम्मा | १०१७०० | ४७६.० | ०.४७ |
| | कुल जम्मा | | १७५६०० | ५६५२ | ३.२२ |

५. आर्थिक वर्ष २०८०/८१ को बजेट बक्तव्यमा उल्लिखित बुँदाहरुको प्रगति विवरण

| बजेट वक्तव्यको बुदा न. | वजेट बक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| ३४ | प्रदेशको कृषि उत्पादनलाई प्राथमिकीकरण गर्दै वाली वस्तुको विशिष्टीकृत क्षेत्र निर्धारण गरी कृषिको व्यवसायीकरण मार्फत प्रदेशलाई प्रमुख कृषि उपजहरुमा क्रमशः आत्मनिर्भर बनाउदै लैजाने आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ | प्रदेशमा विभिन्न बाली/वस्तुको १३ वटा ब्लक विकास कार्यक्रम सञ्चालन भइरहेको । |
| ३५ | प्रदेशभित्र सम्भाव्य स्थानमा कृषि उत्पादन वृद्धि गर्न वडास्तरीय सामूहिक कृषि उत्पादन केन्द्र स्थापना गरी खास क्षेत्र खास उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ । सो को लागि रु. १४ बजेट विनियोजन रहेको । | सामुदायमा आधारीत एक वडा एक कृषि उत्पादन कार्यक्रमको स्थानीय तहबाट इच्छापत्र सङ्कलन कार्य सम्पन्न भएको, कृषि तर्फ ४५ तथा पशुपन्छी तर्फ ३४ इच्छापत्र प्राप्त भएको । |
| ३६ | कृषि सम्बन्धि ज्ञान र सीप प्रसार गर्न खाद्यान्न, नगदेबाली, फलफूल, माछा, मासु, अण्डा, दूध, च्याउ, मौरी जस्ता कृषि उपजहरुको उत्पादन कार्यमा संलग्न अगुवा कृषक व्यवसायी/समूह/सहकारीलाई सिकाइ केन्द्रको रुपमा विकास गर्न एग्रि ईपिसेन्टरको अवधारणा कार्यान्वयन गरिनेछ । | एग्रि इपिसेन्टर स्थापनाका लागि ४ वटा साझेदार संस्था छनौट भई सम्झौताको चरणमा रहेको । |
| ३७ | कृषि पेशामा निरन्तर लागिरहेका किसानहरुको आत्मसम्मान र पहिचानका लागि व्यवसायिकताको आधारमा किसान परिचय पत्र वितरण गर्ने व्यवस्था मिलाएको छु । | प्रदेश कृषि सम्वन्धी विधेयक, २०८० मा किसान सूचीकरण सम्वन्धी व्यवस्था रहेको र सो पास भएसँगै किसान परिचयपत्र वितरण कार्यक्रम शुरु हुने । |
| ३८ | कृषि व्यवसाय सञ्चालनको लागि बाली वस्तुहरुको उत्पादन, प्रशोधन र बजारीकरणमा चालु आर्थिक वर्षदेखि शुरु गरिएको किस्ताबन्दीमा निर्ब्याजी बीउपूँजी प्रदान गर्ने कार्यक्रमलाई थप प्रभावकारी ढङ्गवाट सञ्चालन गर्न रु. १३ करोड ५६ लाख बजेट व्यवस्था | साझेदार छनौट कार्य सम्पन्न भई सम्झौताको चरणमा रहेको । |
| ३९ | दुग्ध व्यवसायमा संलग्न किसान लक्षित दूध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमको निरन्तरताको लागि आवश्यक व्यवस्था मिलाएको छु । साथै प्रदेश भित्र दूध उत्पादन वृद्धि गर्न कम्तिमा १० वटा दूधजोन घोषण गर्ने व्यवस्था गरेको छु । | उत्पादनमा आधारीत दुधमा अनुदान कार्यक्रममा थप बजेट व्यवस्थाको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पत्राचार गिरएको। दुध उत्पादन वृद्धि कार्यक्रम अन्तर्गत जिल्लास्थित कार्यालयहरुवाट नयाँ तथा पुराना दूधजोन कार्यक्रम सञ्चालन भइरहेको । |

| बजेट वक्तव्यको बुदा न. | वजेट बक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| ४० | पशु स्वास्थ्य तथा क्लिनिकल सेवालाई सहज बनाउन स्थानीय तहसँगको समन्वयमा "एक वडा एक पशु स्वास्थ्य क्लिनिक" कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ । | पशु स्वास्थ्य तथा क्लिनिकल सेवालाई सहज बनाउन स्थानीय तहसँगको समन्वयमा "एक वडा एक पशु स्वास्थ्य क्लिनिक" स्थापनाका लागि भवन निर्माण कार्य अन्तिम चरणमा रहेको । |
| ४१ | माटोको गुणस्तर सुधार गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्राङ्गारिक मल र गड्यौला मलको प्रयोगमा उत्प्रेरित गर्न प्रति के.जी रु. १० को दरले सहुलियत प्रदान गर्ने व्यवस्था मिलाएको । साथै आगामी वर्ष स्थानीय तह र निजी क्षेत्रसँगको साझेदारीमा एक प्रदेश निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल उत्पादन कारखाना स्थापनाको लागि रु. ५ करोड विनियोजन गरेको छ । | जिल्लास्थित कार्यालयहरुवाट प्राङ्गारिक मल वितरण कार्य भैरहेको । धादिङ्ग जिल्लाका कृषकहरुलाइ ८४ मे.टन., रामेछाप जिल्लामा ९७.६ मे.टन. प्राङ्गारिक मल वितरण गरिएको । काभ्रे जिल्लाका कृषकहरु, कार्यालय र आपुर्तिकता विच सम्झौता भई ६२.८ मे.टन. प्राङ्गारीक मल वितरणको चरणमा रहेको । एक प्रदेश निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल कारखाना स्थापनाको लागि १५ वटा आशयपत्र प्राप्त भई फिल्ड अनुगमनको चरणमा रहेको । |
| ४२ | प्रविधि र पूर्वाधार मार्फत कृषि क्षेत्रको रुपान्तरणको लागि आगामी आर्थिक वर्षलाई कृषि पूर्वाधार र प्रविधि लगानी वर्षको रुपमा मनाइनेछ । | प्रविधि र पूर्वाधार सहयोग ( तरकारीमा मल्चिङ्ग तथा किवीमा हेलनेट र थाँक्रा व्यवस्थापन) कार्यक्रमको साझेदार छनौट कार्य सम्पन्न भई सम्झौताको चरणमा रहेको । |
| ४३ | बागमती प्रदेशमा व्यावसायिक रुपमा फलफूल उत्पादन गर्न कम्तिमा ३ वटा सामुदायिक बागवानी केन्द्र स्थापनाको लागि आवश्यक बजेट विनियोजन गरेको छ । प्रदेश भित्र केरा खेती प्रवर्द्धन गर्न व्यवसायिक रुपमा जग्गा भाडामा लिई केरा खेती गर्दै आइरहेका किसानहरुको लागि जग्गाको भाडामा लाग्ने रकमको प्रति हेक्टर रु. २०,००० का दरले प्रोत्साहन रकम उपलब्ध गराउने व्यवस्था मिलाएको छ । | सामुदायिक फलफुल बगैंचा स्थापना र जग्गा भाडामा लिई केरा खेती गर्ने कृषकका लागि जग्गा भाडामा छुट कार्यक्रमको साझेदार छनौटका लागि मुल्याङ्कन कार्य अन्तिम चरणमा रहेको । |
| ४४ | जिल्लागत रुपमा सम्भाव्य फलफूल, तरकारी, चिया, कफी, अलैची तथा खाद्यान्न बाली एवं पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न उत्पादन प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिएको छ । | जिल्लास्थित कार्यालयहरुवाट सम्भाव्य फलफूल, तरकारी, चिया, कफी, अलैची तथा खाद्यान्न बालीहरुको प्रवर्द्धन कार्यक्रम सञ्चालन भैरहेको । |

| बजेट वक्तव्यको बुदा न. | वजेट बक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| ४५ | खाद्य प्रणाली रुपान्तरणको लागि जिविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत कृषि व्यवसायको प्रवर्द्धन गरी गरिब, विपन्न किसानको आयआर्जन वृद्धि गर्न आवश्यक रकम विनियोजन गरेको छु । | जिल्लास्थित कार्यालयहरुवाट साझेदार छनौट गरी कार्यक्रम सञ्चालन भैरहेको । |
| ४६ | प्रदेशलाई बीउमा आत्मनिर्भर बनाउन चालु आर्थिक वर्षदेखि शुरुवात गरिएको बीउबिजन आत्मनिर्भर कार्यक्रमलाई थप विस्तार गर्दै लगिनेछ । | प्रदेश बीउ बिजन प्रयोगशालाबाट साझेदार छनौट गरी कार्यक्रम सञ्चालन भैरहेको । |
| ४७ | प्रदेशमा उत्पादित प्रमुख कृषि उपजहरुको **न्यूनतम समर्थन मूल्य** तोक्ने व्यवस्था मिलाएको छु । उच्च प्रविधियुक्त संरक्षित संरचनामा च्याउ उत्पादन तथा सहकारीद्वारा सञ्चालित शीतंभण्डारमा खपत हुने विद्युत महशुलमा ५० प्रतिशत रकम छुट दिने व्यवस्था मिलाएको छु । | सहकारी मोडेलमा सञ्चालित चिस्यान भण्डार तथा उच्च प्रविधिमा च्याउ खेती गर्ने कृषकहरुलाइ विद्युत महशुलमा ५० प्रतिशत छुट कार्यक्रम सञ्चालनका लागि मुल्याङ्कन कार्य अन्तिम चरणमा रहेको । |
| ४८ | विपद्‌बाट कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा क्षति पुग्न गई त्यसबाट प्रभावित भएका किसानहरुलाई राहत उपलब्ध गराई व्यवसायको पुनर्स्थापना सम्बन्धि कार्यको लागि आवश्यक रकम विनियोजन गरेको छु । | विपद्‌बाट कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा क्षति पुगेका १२ जना कृषक।फर्मलाई कृषि पेशामा पुनस्थापना गर्न रु ४८ लाख २६ हजार राहत रकम वितरण गरिएको |
| ४९ | केही वर्ष यता अफ्रिकन स्वाइन फिभर रोगको संक्रमणबाट धरासायी भएको बंगुरपालन व्यवसायलाई पुनर्स्थापना गर्न उन्नत नश्लका पाठापाठी आयात गर्दा लाग्ने हवाई भाडामा छुट दिने व्यवस्था मिलाएको छु । उन्नत नश्लका पशुको मागलाई परिपूर्ति गर्न पशु स्रोत केन्द्र विकास कार्यक्रमको लागि आवश्यक बजेट छुटट्याएको छु । | बंगुर पालन व्यवसाय पुनः स्थापनाका लागि उन्नत नश्लका पाठापाठी आयतमा लाग्ने हवाई भाडामा ७५% अनुदान कार्यक्रमको लागि प्रथम पटक सूचना प्रकाशन गर्दा कुनै आवेदन नपरेकोले पनः सूचना प्रकाशन गरिएको । |
| ५० | **प्रदेशको सान, मौलिक कृषि हाम्रो पहिचान** भन्ने अभियानका साथ प्रदेशमा रहेका रैथाने जातका बालीको प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु । | कृषि विकास कार्यालय नुवाकोटबाट विभिन्न रैथाने जातका बालीको प्रवर्द्धन कार्यक्रम सञ्चालन भैरहेको । |

| बजेट वक्तव्यको बुदा न. | वजेट बक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| ५१ | उच्च मूल्यका कृषि बाली वस्तुहरुको उत्पादन देखि उपभोगसम्मका प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरी साना तथा मझौला कृषकहरुको आयआर्जन वृद्धि गर्न मूल्य श्रृङ्खला प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । प्रदेशमा उत्पादित कृषिजन्य बाली वस्तुको भण्डारण, बजारीकरण तथा उत्पादनोपरान्त हुने क्षति न्यूनीकरण गर्न कोल्ड चेम्बर, हर्मेटिक भण्डारण लगायतका पूर्वाधार निर्माण गर्दै लगिनेछ । कृषि क्षेत्र सम्बद्ध भौतीक पूर्वाधार निर्माणका लागि रु. ४३ करोड १५ लाख विनियोजन गरेको छु । | कृषि उपजहरुको मुल्य श्रृंखला विकास कार्यक्रम अन्तर्गत सूचना साझेदार छनौट भई सम्झौताको चरणमा रहेको । ५ विगाहा भन्दा बढी तरकारी खेती गर्ने कृषक, कृषि फर्म, कृषक समुह, सहकारीलाई कोल्ड चेम्बर कार्यक्रम अन्तर्गत ४ वटा कोल्ड चेम्बर निर्माणका लागि साझेदार छनौट भइ बोलपत्र आह्वान भएको । बातावरण अनुकुलित व्यवसायिक च्याउ खेती प्रवर्द्धन कार्यक्रमतर्फ १० जना साझेदार छनौट भई निर्माण कार्य भैरहेको । |
| ५२ | खेतीयोग्य जमिनको चक्लाबन्दी गरी सामुहीक खेती तथा बाझो जमिनमा करार खेती कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु । | कार्यक्रम भूमि सम्वन्धी हेर्ने मन्त्रालयलाई हस्तान्तरण गरिएको । |
| ५३ | माछापालन व्यवसायलाई व्यवस्थित र विस्तारित गर्दै मत्स्य क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । | जिल्लास्थित कार्यालयमा २० हेक्टरमा माछापालन गर्नको लागि माछापालन प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि साझेदार छनौट तथा सम्झौता सम्पन्न भई कार्यक्रम सञ्चालन भइरहेको । |
| ५४ | कृषि उपजको प्रभावकारी विक्रि वितरण गरी उपभोक्ताले तिर्ने मूल्य र कृषकले पाउने मूल्यबीचको अन्तर न्यून गर्न प्रदेश सरकार मातहत सञ्चालन हुने गरी काठमाडौं उपत्यकाभित्र एक आधुनीक कृषि बजार स्थापना कार्य आगामी वर्ष प्रारम्भ गर्न आवश्यक बजेट छुटयाएको छु । | काठमाडौं उपत्यकाभित्र एक आधुनीक कृषि बजार स्थापनाका लागि डिपिआर गर्न स्थान उपलब्ध गराउन तिनै जिल्लाका जिल्ला समन्वय समितिलाइ पत्राचार गरिएको । |

६. संकलन भएको राजश्व

| क.सं. | राजश्व ख.शी.नं. | राजश्व शीर्षक | आ.व. २०८०।८१ मा संकलित रकम रु. हजारमा | कैफियत |
|---|---|---|---|---|
| १ | १४२११ | कृषि उत्पादन बिक्री आम्दानी | १८५५८.१४४ | |
| २ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ९९६.२४ | |
| ३ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५.० | |
| | १४५११ | बीमा दावि प्राप्ति | २४६.२ | |
| ४ | १५१११ | बेरुजु असुल | ४९८.९५ | |
| जम्मा | | | २०३०४.५६ | |

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

७. आ.व. २०८०।८१ मा तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण

| क.स | कार्यविधिको नाम | कैफियत |
|---|---|---|
| १ | प्राङ्गारिक मल वितरण कार्यविधि (प्रथम संशोधन), २०७९ | |
| २ | दूध संकलन बैंक स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि(प्रथम संशोधन),२०७९ | |
| ३ | साईलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि(प्रथम संशोधन),२०७९ | |
| ४ | साना सिचाई कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | |
| ५ | जग्गा भाडामा लिई केरा खेती गर्ने कृषकका लागि जग्गा भाडामा छुट कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | |
| ६ | स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८० | |
| ७ | एग्री/लाइभस्टक ईपिसेन्टर स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | |
| ८ | सामुदायिक फलफूल बगैंचा स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | |
| ९ | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | |
| १० | दुग्ध क्षेत्र विकासको लागि ग्रिन टु ह्वाइट कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८० | |
| ११ | खाद्य प्रणाली रुपान्तरणको लागि मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | |
| १२ | प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८० | |
| १३ | कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि", २०८० | |
| १४ | बिउँपूजी परिचालन कार्यविधि,२०८० | |
| १५ | कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | |
| १६ | चेपाङसँग मौरीपालन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८० | |
| १७ | उन्नत नश्लका बंगुरको पाठापाठी आयातमा लाग्ने हवाइभाडामा पचहत्तर प्रतिशत भाडा बेहोर्ने कार्यक्रम सञ्चालन कार्यविधि, २०८०, | |
| १८ | पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | |
| १९ | एक प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल कारखाना स्थापना कार्यक्रम संचालन कार्यविधि, २०८० | |
| २० | अण्डासँग सम्बन्धित सहकारीलाई लागत साझेदारीमा प्रविधि र पूर्वाधार सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८० | |
| २१ | स्वदेशी उद्योगबाट उत्पादित कृषि औजार र प्रविधिमा प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८० | |
| २२ | दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८० | |
| २३ | उत्कृष्ट दूध उत्पादक कृषक/सहकारी पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८० | |
| २४ | समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | |

८. आ.व. २०८०।८१ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

क. प्रदेश कृषि विकास सम्बन्धमा बनेको विधेयक, २०८० बागमती प्रदेश सभामा पेश भई विषयगत समितिमा समेत छलफल भईसकेको ।

ख. मन्त्रालय तथा मातहतका कार्यालयहरुको आर्थिक वर्ष २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम सञ्चालनको लागि तयार गरिएको २१ वटा नयाँ तथा ३ वटा पुराना कार्यविधिको संशोधन स्वीकृत भएको।

ग. नयाँ संगठन संरचना तथा दरबन्दी तेरीज स्वीकृत भई कृषि विकास कार्यालय तथा पशु सेवा कार्यालय नरहेका जिल्लाहरुमा सेवा केन्द्र स्थापना कार्य भैरहेको ।

घ. कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट क्षति पुगेका १२ जना कृषक/फर्मलाई ४८ लाख २६ हजार ४ सय रुपैयाँ राहत रकम उपलब्ध गराइएको ।

ङ. भेडा बाख्रामा लाग्ने पिपिआर (Peste Des Petits Ruminants) रोग नियन्त्रण तथा रोकथामको लागि २०८० फागुन १६ देखि २२ गतेसम्म बागमती प्रदेशको १३ वटै जिल्लाहरुमा सप्ताहव्यापी खोप अभियान सञ्चालन गरिएको जसमा ११,४२,३२७ भेडा बाख्रालाई पिपिआर रोग विरुद्धको खोप लगाईएको । त्यसैगरी लम्पी स्किन डिजिज् नियन्त्रण तथा रोकथामको लागि १,४१,१६४ गाई भैसीमा खोप निशुल्क रुपमा लगाइएको ।

च. बागमती प्रदेशका ८ जिल्लाका १० स्थानमा निर्माणाधिन शीतभण्डारहरुको निर्माण कार्य ८६ प्रतिशत सम्पन्न, रसुवा जिल्लामा सञ्चालनमा आएको, दोलखाको जिरी, सिन्धुपाल्चोकको लिशंखुपाखर, सिन्धुलिको मुल्कोट र रामेछापको मन्थलीमा परिक्षण सम्पन्न भएको तथा बाँकी जिल्लामा निर्माणकै चरणमा रहेको । उक्त शीतभण्डार निर्माण कार्यबाट करिव १५,८०० मेट्रिक टन फलफुल तथा तरकारी भण्डारण गर्न सकिनेछ ।

छ. पशुपंक्षीको रोग अन्वेषण तथा अनुसन्धान गर्न कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवनमा बायो सेफ्टी लेभल टु प्लस प्रयोगशाला स्थापनाका लागि भवन निर्माण कार्य सम्पन्न भइ हस्तान्तरण गर्ने क्रममा रहेको ।

ज. मकवानपुर जिल्लाको हेटौंडामा निर्माणाधिन दुध पाउडर प्लान्टको निर्माण कार्य ९५ प्रतिशत सम्पन्न भई हाल सञ्चालनको लागि परिक्षण कार्य भैरहेको ।सो दुग्ध पाउडर प्लान्ट सञ्चालनवाट दैनिक करिव ६० हजार दूधको पाउडर बनाउन सकिनेछ ।

झ. हेटौंडा उपमहानगरपालिकासँगको सहकार्यमा हेटौंडा-११ मा निर्माणाधिन प्रादेशिक कृषि थोक बजारको निर्माण कार्य ८५ प्रतिशत सम्पन्न भएको तथा निर्माण कार्य जारी रहेको ।

ञ. गुणस्तरीय भेटेरिनरी सेवालाई थप विस्तारका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चितवनको परिसरमा आधुनिक भेटेरिनरी अस्पताल निर्माण कार्य ६० प्रतिशत सम्पन्न भएको ।

ट. पशु स्वास्थ्य तथा क्लिनिकल सेवालाई विस्तार गर्न स्थानीय तहसँगको समन्वयमा प्रदेशका २६ स्थानमा **"एक वडा एक पशु स्वास्थ्य क्लिनिक"** स्थापनाका लागि निर्माण कार्य अन्तिम चरणमा रहेको।

ठ. स्थानीय तहसँगको सहकार्यमा समुदायमा आधारीत खेती प्रणाली मार्फत कृषि उत्पादनमा स्वनिर्भर वडा निर्माण गर्न चालु आ.व. बाट एक वडा एक कृषि उत्पादन कार्यक्रम शुरुवात गरिएको ।

९. **विनियोजित रकम लक्ष्य अनुसार खर्च नभएको भए सो हुन नसक्नुका कारणहरुः**

- एकै कार्यालयबाट दुइदेखि तीन जिल्लासम्म हेर्नुपर्ने हुँदा कार्यक्रम कार्यान्वयनमा कठिनाइ ।
- कृषि क्षेत्रमा कृषकलाइ दिइने अनुदान कार्य सम्पन्न पश्चात अन्तिममा भुक्तानी हुने ।